*Regd No. 192173/074/075* PAN No. : 304300875

# SINGATI HYDRO ENERGY LTD.

Hadigaun, Kathmandu, Nepal

च.नं.: १०२/०८०/०८१

मिति : २०८०/११/२४

**श्री नेपाल धितोपत्र बोर्ड,**
**सुपरीवक्षेण विभाग,**
खुमलटार, ललितपुर ।

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाडौं ।

**श्री सिडिएस एण्ड क्लयरिङ्ग लिमिटेड,**
पुतलीसडक, काठमाडौं ।

**श्री विद्युत नियमन आयोग,**
सानोगौचरण, काठमाडौं ।

**विषय : जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा सिंगटी हाईड्रो इनर्जी लिमिटेडको जारी पूँजी रु. १,४५,००,००,०००/- (अक्षरेपी एक अर्ब पैतालीस करोड रुपैयाँ मात्र) मध्ये १० प्रतिशतले हुन आउने कूल १४,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि तथा २% अर्थात् ५८,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको शेयर मिति २०७७/१२/२७ गते बाँडफाँड गरिएको व्यहोरा तहाँलाई अवगत नै छ ।

सोही सन्दर्भमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ अनुसार यस कम्पनीले सर्वसाधारणलाई बाँडफाँड गरेको मितिले तिन बर्षसम्म लक-ईन राख्नुपर्ने व्यवस्था भएबमोजिम संस्थापक शेयर १,०१,५०,००० कित्ता, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको १४,५०,००० कित्ता र कम्पनीका कर्मचारीहरुको ५८,००० कित्ता साधारण शेयर लक-ईन राखिएको र उक्त शेयरहरुको मिति २०८०/१२/२६ गते पश्चात् लक-ईन अवधि समाप्त हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, लक-ईन अवधि समाप्त हुने सम्बन्धी सूचना सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुलाई जानकारीको लागि मिति २०८०/११/२४ गते **"मध्यान्ह"** राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको र उक्त सूचनाको प्रति समेत यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

भवदीय,

..................
विष्णु प्रसाद रेग्मी
कम्पनि सचिव

**बोधार्थ :**
**श्री एनआइएमबि एस क्यापिटल लि.**
लाजिम्पाट, काठमाडौं ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सिंगटी हाईड्रो इनर्जी लिमिटेड

# Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

## साधारण शेयरको लक-ईन अवधि समाप्ति सम्बन्धी सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडका संस्थापक, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कम्पनीका कर्मचारीहरुको शेयर सर्वसाधारणलाई मिति २०७७/१२/२७ गते बाँडफाँड गरिएको मितिले तिन वर्षसम्म लक इन मा राखिएकोले उक्त लक इन अवधि समाप्ति हुने हुँदा श्री नेपाल धितोपत्र बोर्डको पत्र सं. ८०/८१ को चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्रमार्फत् निर्देशन जारी भए बमोजिम तपसिलमा उल्लेखित शेयरको **मिति २०८०/१२/२६ गते पश्चात्** लक ईन अवधि समाप्त हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरीएको छ ।

| क्र.सं. | शेयरको विवरण | लक ईनमा रहेको शेयर संख्या |
|---|---|---|
| १. | संस्थापकहरुको शेयर | १,०१,५०,००० |
| २. | आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको शेयर | १४,५०,००० |
| ३. | कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर | ५८,००० |

# चन्द्रपुरमा राखियो चार्जिङ स्टेशन, चाँडै उद्घाटन गरिने



**मध्यान्ह संवाददाता**
रौतहट, २३ फागुन

रौतहटको चन्द्रपुर नगरपालिका वडा नं. २ मा विद्युतीय सवारी साधन चार्जिङका लागि बनाइएको चार्जिङ स्टेशनमा विद्युतीय ट्रन्सफर्मर राख्ने काम सकिएको छ। विद्युतीय सवारी साधन चार्जिङ स्टेशन सञ्चालनका लागि आवश्यक तयारी पूरा भएको र २५० के.भीको ट्रन्सफर्मर जडान गरी लाइनलाई सुचारु गरिएको हो।

नेपाल विद्युत प्राधिकरण चन्द्रपुर वितरण शाखाका कर्मचारीले ट्रन्सफर्मर र मिटर जडान गरेपछि चार्जिङमा विद्युतीय करेन्ट प्रवाह भएको छ। विद्युतीय सवारी साधन चार्जिङ स्टेशनको काम पूरा भइसकेको र चाँडै उद्घाटन गरिने चन्द्रपुर नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत किरणनिधि तिवारीले बताए। चार्जिङ स्टेशन वरपरको जमिनलाई समटेर सवारी होल्डिङ स्टेशन बनाइने उनको भनाइ छ। यस क्षेत्रमा वृक्षारोपण गरेर हराभरा बनाइने र सवारी यात्रामा आएकाहरुलाई विश्रामका लागि वातावरण अनुकूल बनाइने उनले बताए। उनले विद्युतीय सवारी साधनको माग बढ्दो अवस्थामा रहेकाले यहाँ चार्जिङ स्टेशनको आवश्यकतालाई मध्यनजर गर्दै स्टेशन निर्माण गरिएको बताए। चार्जिङ स्टेशनमा कम्पाउण्डवाल, आधुनिक विद्युतीय गाडी चार्ज हुने, प्रतिक्षालय, बालबालिकाका लागि खेल्ने स्थान, शौचालयलगायतका पूर्वाधार रहेको उनले जानकारी दिए। उनका अनुसार चार्जिङ स्टेशनमा एक सेटमा दुई वटा विद्युतीय गाडी एकैपटक चार्ज हुनेछ। यस्तै ई-रिक्साका लागि ६ वटा चार्जिङ प्वाइन्ट र दुई पांग्रे विद्युतीय सवारी साधनका लागि पाँच वटा चार्जिङ प्वाइन्ट राखिएको उनले प्रष्ट पारे।

चन्द्रपुर नगरपालिकाका नगर प्रमुख सञ्जय कुमार काफ्लेले स्वदेशमा उत्पादित विद्युतको आन्तरिक प्रयोग बढाउन र पेट्रोलियम पदार्थको खपत घटाउन विद्युतीय चार्जिङ स्टेशनले मद्दत पुग्ने बताए। चन्द्रपुर क्षेत्रभित्रका विद्युतीय सवारी साधन र यस क्षेत्रको राजमार्ग हुँदै चल्ने यस्ता सवारीसाधनलाई उक्त चार्जिङ स्टेशनले धेरै सहज हुनेछ। चार्जिङ स्टेशन निर्माण भएपछि विद्युतीय सवारीसाधनको प्रयोग बढ्ने उनले विश्वास व्यक्त गरे। विद्युतीय ट्रन्सफर्मर राखिसकेकाले सम्भवतः एक महिनाभित्रमा सञ्चालनमा ल्याउने तयारी थालिएको छ। मधेश प्रदेशको नव प्रवर्द्धन साझेदारी कोष र चन्द्रपुर नगरपालिकाको संयुक्त लगानीमा विद्युतीय चार्जिङ स्टेशन निर्माण भएको हो। चार्जिङ स्टेशनको चन्द्रपुर नगरपालिकाका उप प्रमुख जयमाला चौधरी, वडा अध्यक्ष जितेन्द्र चौधरी, इन्जिनियर महेश बोहरा, अधिकृत मिश्रीलाल साहलगायतले निरीक्षण गरेका छन्।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/२४**

**सिंह बाहिनि रियलस्टेट एण्ड हाउजिङ्ग प्रा.लि.** को मिति २०८०/०६/०१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिंह बाहिनि हार्डवेयर एण्ड रियलस्टेट प्रा.लि. (प्रा.लि. नं.: २५२९९२)** कायम गर्ने गरी मिति २०८०/०६/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/२४**

**सूर्य रोशनी इण्डष्ट्रियल प्रा.लि.** को मिति २०७७/०९/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सूर्य रोशनी कन्स्ट्रक्सन इण्डष्ट्रियल प्रा.लि. (प्रा.लि. नं.: ७३५९६)** कायम गर्ने गरी मिति २०७७/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## धितोमा रहेको सम्पति लिलाम बिक्रि सम्बन्धि ७ दिने सार्वजनिक सुचना

**प्रकाशित मिति २०८० साल फाल्गुन महिना २४ गते बिहिबार**

यस नव ललित बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बाट तपशिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा लिखित पत्र मार्फत ताकेता गर्दा समेत सो को व्यवस्था गरि संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गरेकोले सम्पुर्ण कर्जा चुक्ता गर्नको लागि यस सहकारीबाट विभिन्न मितिहरुमा कर्जा चुक्ता भुक्तानि गर्ने सम्बन्धि सुचना/धितो लिलाम सुचना दिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरि आलटाल गरेको हुनाले कर्जा असुलिको लागि तपशिलमा उल्लेखित धितो (सम्पति) जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बढाबढ प्रक्रियामा लिलाम बिक्रि गरि सहकारीको लोन रकम असुलउपर गरि लिनुपर्ने भएकोले धितो लिलाम बिक्रि सम्बन्धि १५ (पन्ध्र) दिने धितो लिलाम सुचना प्रकाशित गरिएकोमा कुनै पनि व्यक्ति धितो सकार गर्न नआएकोले पुन : ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरि नबुझाएमा सहकारी ऐन २०७४ र नव ललित बहुउद्देश्यीय सहकारी संस्था लि.को विनियम २०५७ ले दिएको अधिकार प्रयोग गरि यो सुचना प्रकाशित भएको मितिले ०८ औं दिन यस सहकारीको केन्द्रिय कार्यलय कुमारीपाटमा तपशिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा लिलाम बढाबढ प्रक्रिया मार्फत लिलाम बिक्रि गरिने हुदाँ इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। धितो सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रि गर्दा समेत संस्थाको सम्पुर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन नियमावलि तथा प्रचलित कानुन अनुसार ऋणीको अन्य चलअचल जायजेथा श्री सम्पतिबाट बाँकि साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर असुल उपरका लागि अन्य कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा ऋणीहरु तथा सम्बन्धित सबैलाई यो सुचनाद्धारा सुचित गरिन्छ।

**तपशिलः**

**१. कर्जाकिसिम : व्यक्तिगत शिर्षक /घरायसि शिर्षक**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीहरुको विवरण |
|---|---|
| **नाम : दिनेश कुमार चौधरि**<br>बाबुको नाम : मन्तलाल चौधरि<br>पत्नीको नाम : बबिता चौधरि<br>बाजेको नाम : गालु चौधरि<br>ठेगाना : उदयपुर, देउरी १ गाइघाट<br>हालको ठेगाना : ग्वार्को, इमाडोल<br>ना.प्र.न. २८०३६/४३९५<br>जारि मिति र जिल्ला<br>२०५१/११/२८ उदयपुर<br> | नाम : बबिता कुमारी चौधरि<br>बाबुको नाम : स्व. देविलाल चौधरि<br>पतिको नाम : दिनेश कुमार चौधरि<br>ससुराको नाम : मन्तलाल चौधरि<br>ठेगाना : कुशहा ७ सप्तरि<br>हालको ठेगाना : ग्वार्को, इमाडोल<br>ना.प्र.न. २४९१ जारि मिति र जिल्ला २०५३/१०/३२, सप्तरि<br> |
| | नामः देविलाल चौधरि<br>बाबुको नाम : मन्तलाल चौधरि<br>बाजेको नाम :गालु चौधरि<br>ठेगाना : उदयपुर, देउरी १ गाइघाट<br>ना.प्र.न.४३९४ जारि मिति र जिल्ला २०५१/११/२३ उदयपुर |
| | नाम : बुधमालति देवि चौधरि<br>बाबुको नाम : ढोदाई चौधरि<br>पतिको नाम : मन्तलाल चौधरि<br>ठेगाना : उदयपुर, झुमासुवा ०७ हालको ठेगानाः ग्वार्को, इमाडोल<br>ना.प्र.न.९७७४ जारि मिति र जिल्ला २०४२/०२/०८ |

**२. धितो रहेको सम्पतिको विवरण**

| क्र.स | जिल्ला | न.पा/ गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनिको नाम |
|---|---|---|---|---|---|---|
| १ | उदयपुर | देउरी | ०१ख | ८२ | ०-१३-१७ | वुधमालति देवि चौधरि, देविलाल चौधरि, दिनेश कुमार चौधरि |

**शर्त बन्देजहरुः**

१. लिलाम मिति : २०८०/१२/०१ गते बिहिबार दिउँसो १:०० बजे हुनेछ। सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा संस्थाको केन्द्रिय कार्यलय कुमारीपाटिमा र सोहि समयमा लिलाम सम्बन्धि कार्य हुनेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले संस्थामा खाता खोलि मुल्य निर्धारण भएको रकमको २०% रकम खातामा तुरुन्त जम्मा गर्नु पर्नेछ। अन्यथा तल्लो बोलि लगाउनेको अधिकार शिर्जना हुनेछ।
३. लिलाम सकार कर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म /कम्पनि /संस्था भएमा दर्ता प्रमाण पत्र तथा पान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. लिलाम बिक्रि हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा लिलाम गर्नु अगाबै कार्यलय समय अवधि भित्र यस सहकारी संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ।
५. लिलाम सकार गर्ने व्यत्तिले लिलाम भएको ३५ दिनभित्र सम्पति नामसारि गरिसक्नु पर्नेछ।
६. लिलाम सकार गर्ने व्यक्तिको नाममा नामासारि दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, दै-दस्तुर, कर तथा अन्य शुल्क इत्यादि सकरदातालेनै व्यर्होनु पर्नेछ।
७. लिलाम सम्बन्धि संस्थाले गरेको निर्णय अन्तिम हुनेछ।
८. लिलाम गर्ने भनिएको उल्लेखित सम्पति कसैले सकार नगरेमा सहकारी ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस सहकारीले आफै सकार गरि सो को स्वामित्व लिन वा पुन लिलामि प्रक्रियामा जान सक्नेछ।

**नव ललित बहुउद्धेश्यीय सहकारी संस्थालि.**
कुमारीपाटि २०-ललितपुर फोन नं.०१-५५३४७६३, ०१-५५३४०८०
Email: newlalit@hotmail.com



## Saudi मा रोजगार | Asas Shar Foundation for Operation & Maintenance

पुर्व स्वीकृती मितिः २०८०/११/२३ | चलानी नं.: ६०२१६०६१ | LT No. : 301162

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्युनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 04 | काममा दक्ष | 1200 | ४२,४५२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Kitchen Tool Cleaning Worker | 40 | | 1000 | ३५,३७७।- | | | | | | | |
| ३. | Construction Worker | 40 | | 1000 | ३५,३७७।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. १०,०००।- |

**अन्तरवार्ता २०८० चैत १ गते (14 Mar., 2024) यस प्रा. लि. को कार्यालय मिनभवन हुनेछ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८



कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

## सिंगटी हाईड्रो इनर्जी लिमिटेड
## Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

### साधारण शेयरको लक-ईन अवधि समाप्ति सम्बन्धी सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडका संस्थापक, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कम्पनीका कर्मचारीहरुको शेयर सर्वसाधारणलाई मिति २०७७/१२/२७ गते बाँडफाँड गरिएको मितिले तिन वर्षसम्म लक इन मा राखिएकोले उक्त लक इन अवधि समाप्ति हुने हुँदा श्री नेपाल धितोपत्र बोर्डको पत्र सं. ८०/८१ को चलानी नं. १५२३ मिति २०८०/०८/२५ गतेको पत्रमार्फत् निर्देशन जारी भए बमोजिम तपसिलमा उल्लेखित शेयरको **मिति २०८०/१२/२६ गते पश्चात्** लक ईन अवधि समाप्त हुने व्यहोरा सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरीएको छ।

| क्र.सं. | शेयरको विवरण | लक ईनमा रहेको शेयर संख्या |
|---|---|---|
| १. | संस्थापकहरुको शेयर | १,०१,५०,००० |
| २. | आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको शेयर | १४,५०,००० |
| ३. | कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर | ५८,००० |



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय तीनकुने, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/२४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय तीनकुने, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० चैत ०९ गते शुक्रबार**का दिन शाखा कार्यालय तीनकुने, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| कम्पनी ऐन,२०६३ को दफा ५ को उपदफा १ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय ललितपुरमा मिति २०७७/०६/१८मा प्रा.फ.र.नं.२४४०४९/०७७/०७८ कायम भई दर्ता रहेको ललितपुर जिल्ला, थसिखेल म.न.पा. वडा नं.१३ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय गणेश प्रोड्यूसर्स प्रा.लि।** | १. **भोज बहादुर गुरौ** नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ०७क स्थित कित्ता नं. ४३५ को क्षे.फ.०-१४-२ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **पवनराज घिमिरे**<br>ना.प्र.नं.-२११०१०/७३१०<br>जारी मिति -२०६५/०८/०३, जि.प्र.का.रामेछाप<br>बाबु -धन प्रसाद उपाध्याय घिमिरे<br>बाजे -बद्री नाथ उपाध्याय<br>स्थायी ठेगाना- रामेछाप जिल्ला, बेताली न.पा., वडा न.०८<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **भोज बहादुर गुरौ**<br>ना.प्र.नं.-१८८८<br>जारी मिति -२०५२/०९/०४, जि.प्र.का. नवलपरासी<br>बाबु -गोविन्द लाल गुरौ<br>बाजे -अमर सिंह गुरौ<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा., वडा न.०७<br>हालको ठेगाना- ऐ.ऐ | ३. **अनिल थापा मगर**<br>ना.प्र.नं.-२२/२२१००९-९१<br>जारी मिति -२०६७/०७/२९, जि.प्र.का. दोलखा<br>बाबु -देव बहादुर मगर<br>बाजे - कृष्ण बहादुर मगर<br>स्थायी ठेगाना- दोलखा जिल्ला, भुषाफेदा न.पा., वडा न.०७<br>हालको ठेगाना- ऐ.ऐ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० चैत ०८ गते** भित्र बैंकको शाखा कार्यालय तीनकुने, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय तीनकुने, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० चैत ०९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय तीनकुने, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय तीनकुने, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० चैत ०९ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय तीनकुने, काठमाण्डौ फोन न. ०१-५१९९०८१/८२**



## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(राजश्व उपशाखा)
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### सम्झौता रद्द गरिएको सूचना

**सूचना प्रकाशित मिति-२०८०/११/२४**

कोहलपुर नगरपालिका र तपसिल बमोजिमका व्यवसायी बीच यस कोहलपुर नगरपालिका-११ स्थित नयाँ बसपार्क भित्र रहेका विभिन्न सटरहरुमा व्यवसाय गर्ने गरी भएको सम्झौता बमोजिम व्यवसाय संचालन गर्दै आएका देहायका व्यवसायीहरुले विभिन्न कारण देखाई सटर सम्झौता रद्द गरी पाउँ भनि विभिन्न मितिमा पेश गरेका निवेदन उपर बसपार्क व्यवस्थापन समितिको मिति २०८०/११/०३ र २०८०/११/१३ को सिफारिश तथा कोहलपुर नगरपालिकाको मिति २०८०/११/१४ गतेको निर्णय बमोजिम तपसिलका सटर व्यवसायीसंग सम्झौता रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स. | सटर | व्यवसायीको नाम | क्र.स. | सटर | व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| १ | B ४ | साबित्री गौतम | १५ | B २५ | सुनिता गिरी |
| २ | B ५ | सिता रिजाल | १६ | B २६ | परेकलाल जैसी |
| ३ | B ६ | उजेली वाग्ले | १७ | B २७ | अम्बिका तिमल्सिना |
| ४ | B ८ | गंगा सापकोटा | १८ | B ३० | तुलसी शर्मा |
| ५ | B १० | गंगा वादी | १९ | A १ | कमला खत्री |
| ६ | B ११ | पार्वती तिवारी न्यौपाने | २० | A ३ | हुमकान्त पाण्डे |
| ७ | B १२ | बिर ब. खत्रि | २१ | A ४ | बैकुण्ठ गिरी |
| ८ | B १३ | राम प्रसाद रिजाल | २२ | A ५ | मुकेश कुमार चौधरी |
| ९ | B १४ | पार्वती सुनार | २३ | मेडीकल सटर | इश्वरी खत्री |
| १० | B १५ | तारा चालिसे | २४ | B २१ | रोशन न्यौपाने |
| ११ | B १८ | सम्झना आचार्य | २५ | B १७ | हरिकला शर्मा |
| १२ | B २० | प्रिम लक्ष्मी सार्की | २६ | B १९ | गौरी आचार्य(शाही) |
| १३ | B २२ | राम ब. क्षेत्री | २७ | B ९ | नैनसरा थापा |
| १४ | B २३ | धना खाती | | | |